का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ मंसिर २०८०,
शुक्रबार
15 December 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक ३१० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**नक्कली भुटानी शरणार्थी प्रकरण**

# अन्ततः खाँणलाई छोड्ने आदेश

अब खाँणलाई धरौटी बुझाएर थुनामुक्त हुन पाउने बाटो खुलेको छ । आदेशको प्रतिसहित जिल्ला अदालत पुगेपछि धरौटी लिइ खाँणलाई थुनामुक्त हुने पत्र दिइनेछ । सम्भवतः शुक्रबार खाँण थुनामुक्त हुन पाउनेछन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २८ मंसिर ।



पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई धरौटीमा रिहा गर्न उच्च अदालत पाटनबाट आदेश भएको छ । बिहीबार खाँणलाई ३० लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश भएको हो ।

संयुक्त इजलासमा दुई न्यायाधीशको राय बाझिएपछि मुद्दा तेस्रो न्यायाधीशको इजलासमा पेस भएको थियो । तेस्रो न्यायाधीशको इजलासले खाँणलाई छोड्ने आदेश गरेको हो ।

गत मंसिर १५ गतेको इजलासमा न्यायाधीश जनक पाण्डेले खाणलाई ३० लाख रुपैयाँमा धरौटीमा रिहा गर्नुपर्ने राय दिएका थिए । तर उक्त रायमा अर्का न्यायाधीश प्रकाश खरेलले सहमति जनाएका थिएनन् ।

खरेलले खाणलाई थुनामा राख्ने जिल्ला अदालतको आदेश सदर गर्नुपर्ने राय दिएपछि बाँकी सबै प्रतिवादीको आदेश आउँदा खाणको बारेमा भने निर्णय हुन सकेको थिएन । बिहीबार न्यायाधीश कृष्णराम कोइरालाको इजलासमा खाणको निवेदन पेस गरिएको थियो । न्यायाधीश कोइरालाले यसअघि ३० लाख धरौटीमा छाड्ने न्यायाधीश जनक पाण्डेको रायमा सहमति कायम गरे ।

यो आदेशसँगै अब धरौटी बुझाएर थुनामुक्त हुन पाउने बाटो खुलेको छ । आदेशको प्रतिसहित जिल्ला अदालत पुगेपछि धरौटी लिई खाँणलाई थुनामुक्त हुने पत्र दिनेछ । सम्भवतः शुक्रबार खाण थुनामुक्त हुन पाउनेछन् ।

धरौटीमा छुट्ने आदेशमा खाँणको प्रत्यक्ष संलग्नता नदेखिएको तर्क गरिएको छ । जाहेरवाला तथा घटना विवरण कागज गर्ने पीडितहरूले खाँणले ठगी गरेको वा रकम लिएको भनी नाम उल्लेख नगरेकोलाई आधार बनाइएको छ ।

जाहेरवाला प्रेमराज पन्थीको जाहेरीको पेटबोलीमा यी प्रतिवादीको नाम उल्लेख भएकाले तत्काललाई ३० लाख नगदै धरौटी वा बैंक ग्यारेन्टी राखी रिहा गर्न न्यायाधीश कोइरालाको इजलासले भनेको छ ।

खाणविरुद्ध किटानी जाहेरी नपरेको भन्ने आधार देखाइएको छ भने सहअभियुक्तहरूले बयानका क्रममा खाणलाई नपोलेको (नाम नलिएको) भनिएको छ ।

**थमन विकको हत्या**

# कोइरीले पाए सफाइ बाँकी ७ जनालाई जन्मकैद

सांसद भएपछि मुद्दालाई देखाएर प्रश्न उठेपछि फरार रहेका कोइरीले झण्डै एक वर्षपछि सफाइ पाएका हुन् । अब उनी संसदीय गतिविधिमा सहभागी हुन पाउने बाटो खुलेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ मंसिर ।



प्रतिनिधि सभा सदस्य लक्ष्मी महतो कोइरीले कर्तव्य ज्यानसम्बन्धी मुद्दामा सफाइ पाएका छन् । सांसद भएपछि मुद्दालाई देखाएर प्रश्न उठेपछि फरार रहेका कोइरीले झण्डै एक वर्षपछि सफाइ पाए । अब उनी संसदीय गतिविधिमा सहभागी हुन पाउने बाटो खुलेको छ ।

कोइरीले सफाइ पाउँदै गर्दा बाँकी ७ जनालाई भने जन्मकैद भएको छ । बिहीबार महोत्तरी जिल्ला अदालतले कोइरीलाई कर्तव्य ज्यान मुद्दामा सफाइ दिँदा अन्य ७ जना प्रतिवादीलाई भने जन्मकैदको फैसला सुनाइएको हो ।

महोत्तरी जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले यस्तो आदेश गरेको हो ।

मधेस आन्दोलनका क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्या भएपछि कोइरी लगायतलाई प्रतिवादी बनाई महोत्तरी जिल्ला अदालतमा कर्तव्य ज्यानको मुद्दा दायर भएको थियो । कुल २८ जनालाई प्रतिवादी बनाइएकामा ७ जनालाई जन्मकैदको फैसला सुनाइएको छ ।

महोत्तरी जिल्ला अदालतले प्रदीप साह माझी, सञ्जयकुमार साह, मोहन ठाकुर, शंकर शाही भन्ने रामशंकर मिश्र, अभिराम शर्मा, सुरेश पाण्डे र धर्मेन्द्र रायलाई जन्मकैदको फैसला सुनाएको हो । अदालतका सूचना अधिकारी महेन्द्र झाका अनुसार कोइरी र पवन कापरले सफाइ पाएका हुन् भने ७ जनालाई जन्मकैदको फैसला सुनाइएको हो ।

मधेश आन्दोलनका क्रममा २०७२ भदौ २५ गते सशस्त्र प्रहरीका असई थमन विक घाइते भएका थिए । घाइते विकलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा एम्बुलेन्सबाट निकालेर महोत्तरीको जलेश्वरमा हत्या गरिएको थियो । सोही हत्या प्रकरणमा लक्ष्मी महतो कोइरी लगायतलाई अभियुक्त बनाएर जिल्ला अदालतमा मुद्दा चलेको थियो ।

महोत्तरी जिल्ला अदालतले लक्ष्मी महतो कोइरीलाई २०७६ असोज २ गते एक लाख धरौटीमा छाड्ने आदेश दिएको थियो । जिल्ला अदालतको आदेशविरुद्ध परिवार उच्च अदालत जनकपुर गएपछि उच्च अदालत जनकपुरले २०७७ मंसिर १९ गते महतोलाई थुनामै राखेर मुद्दा अघि बढाउन आदेश दिएको थियो । त्यसपछि कोइरी फरार भएका थिए ।

प्रहरीको फरार सूचीमा रहेका भएपनि कोइरी २०७९ मंसिर ४ गते »» पृष्ठ २ मा

# परराष्ट्रमा पहिलो महिला सचिव



**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ मंसिर

सरकारले पराष्ट्र मन्त्रालयकी सहसचिव सेवा लम्साललाई सचिवमा बढुवा गर्ने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई रिक्त सचिवमा बढुवा गर्ने निर्णय गरेको हो । बढुवासँगै उनी पहिलो महिला परराष्ट्र सचिव समेत बनेकी छिन् ।

सचिव भरतराज पौडेल पदावधि छँदै क्यानडाको राजदूत भएर गएपछि रिक्त पदमा बरिष्ठताका आधारमा उनलाई सचिवमा बढुवा गरिएको हो । यसअघि पाकिस्तानकी राजदूत समेत भइसकेकी उनी मन्त्रालयमा प्रवक्ताको भूमिकामा समेत थिइन् ।

मन्त्रालयले २५ औं सचिव पाउँदा पहिलो पटक महिला परराष्ट्र सचिव बन्ने अबसर जुरेको हो । नेपालमा सन् १९४८ देखि परराष्ट्र सचिवको अभ्यास सुरु भएको हो । पहिलो परराष्ट्र सचिव प्रोफेसर सरदार नरेन्द्रमणि आचार्या दिक्षित हुन । त्यसयता सचिव बन्ने सबै पुरुष मात्रै थिए ।

भोजपुरको षडानन्दमा २०२४ साल चैतमा उनको जन्म भएको थियो । उनी आमा शान्ता लम्साल र बुबा चुडामणि लम्सालको जेठी छोरीका रुपमा उनको जन्म भएको थियो ।

उनी २०५५ असारमा अधिकृतका रुपमा उनी निजामती सेवामा प्रवेश गरेकी थिइन् । २०६७ मा उनी परराष्ट्र सेवामा जोडिन पुगिन् । परराष्ट्र सेवामा प्रवेश गरेको छोटो समयमै उनी मन्त्रालयको प्रशासनिक नेतृत्वमा पुग्न सफल भएकी हुन । मन्त्रालयमा उनलेक्षमतावान प्रशासकका रुपमा पहिचान बनाएकी छिन् ।

**वैदेशिक रोजगार विशेष**

# अभिमुखीकरण संस्थालाई विभागको तीन हप्ते अल्टिमेटम

## दश लाख आर्थिकभार थपिने महासंघ अध्यक्षको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ मंसिर

वैदेशिक रोजगार विभागले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ को मापदण्ड तीन हप्ताभित्र पूरा गर्नुपर्ने अल्टिमेटम दिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत हप्ता अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ को दफा ५ (३) (दोस्रो संशोधन) जारी गरेको थियो । विभागले उक्त कार्यविधिका प्रावधान कडाइका साथ पालना गराउन लागेको हो ।

कार्यविधिमा अन्य व्यवस्थाका अतिरिक्त प्रशिक्षकको व्यवस्था गर्दा कम्तीमा १ जना आफूले छानेको प्रशिक्षक क्लष्टर अनुसारको देशमा गएर फर्की आएको व्यक्ति हुनुपर्ने नयाँ प्रावधान रहेको छ । त्यस्तै संशोधित कार्यविधिअनुसार प्रशिक्षण कक्षमा ८४ इन्चको स्मार्ट बोर्ड २ वटा, कम्प्युटर प्रिन्टर र विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)सँग मेल खाने आइरिस रेटिना हाजिर मेसिन (आइरिस स्क्यानर) अनिवार्य राख्नुपर्ने विभागले जनाएको छ ।

विभागका सूचना अधिकारी कविराज उप्रेतीद्वारा बिहीबार जारी विज्ञप्तिमा अभिमुखीकरण तालिम »» पृष्ठ २ मा

### विदेशी कामदार घटाउने मलेसियाको मुख्य योजना

**काठमाडौं/मस-** मलेसियाका अर्थमन्त्री रफिजी रामलीले सन् २०२४ मा विदेशी कामदार घटाउने मुख्य लक्ष्यमा सरकारको ध्यान केन्द्रित हुने बताएका छन् । मलेसियाको बुकित जलिल राष्ट्रिय रंगशालामा सरकारको एक वर्षे वार्षिकोत्सव कार्यक्रममा बोल्दै अर्थमन्त्री रफिजीले आगामी वर्ष श्रम बजार सुधारमा मलेसिया सरकारले थप ध्यान दिने बताएका हुन् । »» पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२९ मंसिर २०८०, शुक्रबार
15 December 2023, Friday

# ओलीमाथि हातपातको प्रयास



**काठमाडौं/मस-** नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीमाथि धनकुटामा एक व्यक्तिले हातपातको प्रयास गरेका छन्। मध्य पहाडी लोकमार्ग केन्द्रित संकल्प यात्रामा रहेका ओलीलाई बिहीबार धनकुटाको महालक्ष्मी नगरपालिका ५ लेगुवामा हातपातको प्रयास गरेका हुन्।

प्रहरीका अनुसार मुक्का हान्ने प्रयास गर्ने व्यक्ति लेगुवाकै महेश राई हुन्। भिडियोमा ओलीले कार्यकर्ताहरुमा माला ग्रहण गर्दै गर्दा राईले मुक्का हान्न खाजेको जस्तो देखिन्छ। तर ओलीलाई मुक्का भने लाग्दैन। प्रहरी र कार्यकर्ताले राईलाई रोकेको भिडियोमा देख्न सकिन्छ। राईले मुक्का हान्नुको कारण खुलेको छैन। यद्यपि उनले मादक पदार्थ सेवन गरेका कारण यस्तो प्रयास गरेको हुन सक्ने प्रहरीको अनुमान छ।

# सुशासन प्रवर्द्धनमा जोड



**महोत्तरी/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दले भ्रष्टाचार अन्त्य नभएसम्म देशले उन्नति गर्न नसक्ने बताएका छन्।

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा बिहीबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयले आयोजना गरेको 'भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन' सम्बन्धी जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै आयुक्त चन्दले सार्वजनिक पदमा बसेका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीलाई जनताको सुख, शान्ति र समृद्धिमा समर्पित गर्न सल्लाह दिए।

महोत्तरीको १० नगरपालिका र पाँच गाउँपालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न कार्यालयका प्रमुख, प्रमुख जिल्ला अधिकारी, चारवटै सुरक्षा निकायका प्रमुख र विभिन्न सरोकारवाला संघसंस्थाका प्रमुख सहभागी रहेका सो कार्यक्रममा आयुक्त चन्दले भ्रष्टाचार गर्ने कसैको पनि भलो हुँदैन र भ्रष्टाचार गरे आफू र आफ्ना आउँदा सन्ततिले त्यसको परिणाम भोग्नुपर्ने निश्चित रहेको भन्दै आजैदेखि सबैले आ-आफ्नो तर्फबाट भ्रष्टाचार नगर्ने/नगराउने प्रतिबद्धता जाहेर गर्न अपिल गरे।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयले आयोजना गरेको सो कार्यक्रमलाई जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णले अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारीलाई कारबाहीका लागि मात्रै नभई जिम्मेवारीवोध गराउने र मार्गदर्शनको कामसमेत गर्ने संस्था रहेको बताए।

# पार्किङ शुल्कसम्बन्धी काठमाडौं महानगरको कानून बदर



**काठमाडौं/मस-** सर्वोच्च अदालतले निजी स्वामित्वको घरजग्गामा पार्किङ दस्तुर उठाउन नपाउने काठमाडौं महानगरपालिकाको निर्णयलाई बदर गरेको छ। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरु डा.आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल, सुष्मालता माथेमा र कुमार रेग्मीको संवैधानिक इजलासले यही मंसिर २० गते गरेको आदेशको बिहीबार लिखित आदेश सार्वजनिक गर्दै उक्त निर्णय बदर गरेको हो।

आदेशमा भनिएको छ, 'निवेदकहरुको सम्पत्ति उपभोग गर्ने वा व्यवसाय गर्ने हकमा अंश लगाउने अधिकार नेपालको संविधानको धारा २२८ ले स्थानीय तहलाई प्रदान गरेको नदेखिइ काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०५० को उक्त व्यवस्था नेपालको संविधानको धारा २२८ को व्यवस्थासँग बाझिएको देखिँदा काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८० को दफा १२ को उपदफा (४) र अनुसूची ११(क) को क्रमसङ्ख्या या (१) र क्रमसंख्या (३) लाई नेपालको संविधानको धारा १३३ को उपधारा (१) बमोजिम आजको मितिदेखि अमान्य र बदर घोषित गरिएको छ।'

महानगरपालिकाको नगरसभाको १३औं अधिवेशनबाट पारित गरेको कामपा आर्थिक ऐन, २०८० मा पार्किङसम्बन्धी व्यवस्थामा निजी मार्ट, रेस्टुरेण्ट, सपिङ कम्प्लेक्स, अस्पताललगायत स्वास्थ्य सेवाप्रदायक संस्थाले सेवाग्राहीबाट सवारी पार्किङ गरेवापत शुल्क लिन नपाउने व्यवस्था गरिएको थियो।

उक्त निर्णयविरुद्ध कम्प्लेक्स डेभलपर लिजर एशोसिएशनले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको थियो।

# चौध किलो सुन प्रकरणमा अहिलेसम्म पाँच पक्राउ



**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यही मंसिर २१ गते राति बरामद गरिएको १४ किलो सुन प्रकरणमा हालसम्म पाँच जना पक्राउ परेका छन्। सो दिन फ्लाई दुबईको उडान नं 'एफजेड ५७३' बाट आएका गोरखाका ४५ वर्षीय चन्द्र घलेको साथबाट उक्त परिमाणको सुन बरामद गरिएको थियो।

अनुसन्धानका क्रममा बिहीबार प्रहरीले विमानस्थलका सरसफाई सुपरभाइजर सुशीला पाण्डेलाई नियन्त्रणमा लिएसँगै पक्राउ पर्नेको संख्या पाँच पुगेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख डा.टोकराज पाण्डेले जानकारी दिए।

उनले भने, 'फोहोरको भाँडोमा सुन लुकाएर बाहिर ल्याउन संलग्न भएको देखिएपछि सरसफाइ सुपरभाइजर पाण्डेलाई नियन्त्रणमा लिइएको हो, छानबिन पूरा गरेर सबै सार्वजनिक गर्छौं।' सो प्रकरणमा विमानस्थल भन्सार कार्यालयका उपसचिव मणिराम पौडेलको नेतृत्वको समितिले छानबिन गरिरहेको छ।

सुनसहित पक्राउ परेका घलेको बयानका आधारमा गोरखाका मीनबहादुर घलेलाई पनि प्रहरीले पक्राउ गरेको थियो। सोही प्रकरणमा विमानस्थलका सरसफाई सहयोगी दुई जना गरी हालसम्म पाँच जना पक्राउ परेको प्रमुख भन्सार प्रशासक डा.पाण्डेले बताए।

# 'असुरक्षित गर्भपतन गराउँदा ज्यान जोखिममा पर्न सक्छ'

**कञ्चनपुर/मस-** कञ्चनपुरमा पछिल्लो समय सुरक्षित गर्भपतन सेवा लिनेको संख्यामा वृद्धि हुँदै गएको छ। तोकिएका सरकारी स्वास्थ्य संस्थामा उक्त सेवा निःशुल्क र गर्भपतन गराउनेको परिचयसमेत गोप्य राखिन थालिएपछि यो सेवा लिनेको संख्यामा वृद्धि हुँदै गएको स्वास्थ्य कार्यालय कञ्चनपुरले जनाएको छ। स्वास्थ्य कार्यालय कञ्चनपुरका सूचना अधिकृत खगेन्द्रसिंह कार्कीले गत आर्थिक वर्ष २०७९/८० मा कञ्चनपुरमा दुई हजार पाँच सय २२ जना महिलाले यो सेवा लिएको बताए। कञ्चनपुर प्रहरीले पनि केही समययता अवैध गर्भपतन लगायत स्वास्थ्य क्षेत्रमा बिना अनुमति सञ्चालनमा रहेका मेडिकल बन्द गराउन थालेपछि सरकारी स्वास्थ्य संस्थामा सेवाग्राहीको वृद्धि भएको हो। स्वास्थ्य कार्यालय कञ्चनपुरमा अनुसार चालु आर्थिक वर्षको हालसम्म यहाँ आठ सय ९५ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। त्यसैगरी नेपाल परिवार नियोजन संघ कञ्चनपुरका कार्यालय प्रमुख उद्धव भट्टले पनि पछिल्लो समय स्वास्थ्य संस्थामा सेवा पुगेसँगै सेवाग्राहीको संख्यामा पनि वृद्धि हुँदै गएको बताए।

उनले मासिक ३५ देखि ४० सेवाग्राही सेवा लिन आउने गरेको जनाउँदै आउनेमध्ये अधिकांश औषधिविधि रोज्ने गरेको जानकारी दिए। कञ्चनपुरमा संघले सन् २००८ देखि यो सेवा दिँदै आएको कार्यालय प्रमुख भट्टको भनाइ छ। स्वास्थ्य कार्यालयले भने शतप्रतिशत सेवाग्राही अझै सरकारी स्वास्थ्य संस्थामा आइनसकेको बताए।

# चोरी सिकारी नियन्त्रण र पर्यटन प्रवर्द्धन गर्न सेनाको चुरे यात्रा

**बाँके/मस-** वन्यजन्तु चोरी सिकारी नियन्त्रण र पर्यटन प्रवर्द्धन तथा पर्यावरणाबारे जानकारी लिने उद्देश्यले नेपाली सेनाको टोलीले बाँके राष्ट्रिय निकुञ्जअन्तर्गतको चुरे पर्वतको यात्रा गरेको छ। श्री नं ४ बाहिनी अड्डा इमामनगर ब्यारेकसहित वन्यजन्तुको सुरक्षार्थ खटिएको अर्जुनवाण गणले एकदिने चुरे यात्रा गरेको हो।



सो गणका गणपति प्रमुख सेनानी अशोक खड्काले वन्यजन्तुको चोरी सिकारी नियन्त्रणका लागि दैनिक तीन पटकसम्म उक्त चुरे क्षेत्रमा गस्ती गर्ने गरिएको बताए। 'यसअघि पनि हाम्रो नियमित गस्ती भइरहन्थ्यो। तर यसपटक सो क्षेत्रमा नगएका अन्य सैनिकलाई चुरे पर्यटन प्रवर्द्धन र पर्यावरणबारे जानकारी गराउने उद्देश्यले एक दिने यात्राको कायम गराएका छौं', उनले भने।

निकुञ्जभित्र कुन ठाउँ कस्तो छ र पर्यटकहरुलाई कसरी पुर्‍याउन सकिन्छ भन्ने विषय टोलीले अध्ययन गरेको प्रमुख सेनानी खड्काको भनाइ छ। 'बाँके राष्ट्रिय निकुञ्जको पर्यटन प्रबर्द्धन गर्नु सेनाको पनि दायित्व हो, उनले भने, 'सो अवसरमा पर्यटकीय भू-भागबारे स्थलगत अध्ययन गरिएको थियो।'

दाङ, सल्यान र बर्दियाका भू-भागलाई छुने निकुञ्जमा धेरै घाँसे मैदान छन्। उक्त चुरे भ्रमणमा श्री नं. ४ बाहिनी अड्डा इमामनगर ब्यारेकका बाहिनीपति सहायक रथी प्रकाश थापासँगै प्रमुख सेनानी रोजेश खत्री, प्रमुख सेनानी दीपक गुरुङ र अर्जुनवाण गणका गणपति प्रमुख सेनानी अशोक खड्काको सैन्य टोली संलग्न थियो।

सेनाका अधिकारीहरुले बाघलगायत अन्य वन्यजन्तुले पानी खाने ठाउँहरुको पनि स्थलगत निरीक्षण गरेका थिए। निकुञ्जभित्र सेनाले नयाँ 'फायर लाइन' निर्माण गर्नुका साथै सरसफाइबारे जानकारी लिएको थियो।

## थमन..

भएको प्रतिनिधि सभा निर्वाचनमा एमालेको तर्फबाट महोत्तरी १ बाट निर्वाचित भएका थिए।

निर्वाचित भएपछि नै प्रश्न उठेको भएता पनि उनी २६ पुस २०७९ मा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिँदा उपस्थित भएको भनी प्रश्न उठेको थियो। त्यसपछि उनी फरार भएका थिए।

## अभिमुखीकरण...

प्रदायक संस्थाहरूले पुस १९ गतेभित्र उक्त जनशक्ति तथा पूर्वाधार पूरा गर्नुपर्ने भन्दै मापदण्ड पूरा नगर्ने संस्थाहरूको काम कारोबार रोक्का गरिने उल्लेख छ।

वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले नयाँ कार्यविधिले संस्थाहरूको लागत बढाएकोमा केही असन्तुष्टि रहेपनि पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रभावकारी बनाउँदा सुरक्षित, मर्यादित वैदेशिक रोजगारको लक्ष्य प्राप्तिका लागि सहयोग गर्ने बताए।

सरकारले गरेका श्रम सम्झौतामा तालिमलाई अनिवार्य गरिएको उल्लेख गर्दै अध्यक्ष गौतमले आधुनिक प्रविधि प्रयोग हुन नसकेको, विभागले अनुगमन गर्न नसकेको, परीक्षा प्रणाली नभएको, मुख्यरूपमा तालिमको खर्च धान्ने अवस्था नभएकोले उत्पन्न समस्याको निराकरण गर्न सबैले कार्यविधिको व्यवस्थालाई कार्यान्वयन लैजानुपर्ने महासंघको धारणा रहेको बताए। उनले पूर्वप्रस्थान तालिमको कमजोरीका कारणले विदेशमा मृत्युको संख्यामा वृद्धि भएको अवस्थालाई ध्यानमा राखेर सुधार जरुरी रहेको पनि बताए।

उनले वैदेशिक रोजगारमा जाने व्यक्तिलाई अनिवार्य सम्बन्धित देशको साधारण भाषाको ज्ञान भएको, वित्तीय साक्षरताको जानकार, सामाजिक सुरक्षा कोषको जानकारी, स्वदेश फर्केपछि सीप र लगानीको सदुपयोग, शारीरिक तथा मानसिक स्वास्थ्य योग विषय योगा थप गरेर १० घण्टाको कोर्षलाई १८ घण्टा बनाइएको र बदमासी गर्ने संस्थालाई २४ घण्टाभित्र खारेज गर्नेलगायतका थपिएका मापदण्डले वर्षौंदेखि रहेका समस्या समाधान हुने अपेक्षा गरिएको पनि बताए।

अध्यक्ष गौतमले पाँच लाख रूपैयाँ धरौटी राखेर स्थापना भएका संस्थाले कम्तिमा एक हजार वर्गफिटको कार्यालय दुई सय वर्गफिटभन्दा माथिको कक्षाकोठा, कम्तीमा दुई जना प्रशिक्षक अनिवार्य राख्नुपर्नेजस्ता नियमले संस्थालाई तत्काल थप दश लाख हाराहारीमा आर्थिक भार थपिएको पनि दाबी गरे।

तीन दिने तालिम शुल्क २१ सय बनाउने कार्यविधिको व्यवस्थाले तालिमको गुणस्तरियता बढाउने गौतमको भनाइ छ। वैदेशिक रोजगारमा जानेलाई फर्केर आएकोले भाषा अनिवार्य पढाउनुपर्ने, विभाग, बोर्ड र मन्त्रालयले चाहेको बेला अनलाइन हेर्न मिल्ने र तालिममा सहभागी भइसकेपछि परीक्षा दिने नियमले गुणस्तरियताको गुनासो हटाउने उनको भनाइ छ।

## विदेशी...

उनले भनेका छन्, 'प्रगतिशील पारिश्रमिक संरचना यसको एउटा हिस्सा हो, तर हामी कसरी विदेशी कामदारमाथिको निर्भरतालाई क्रमशः घटाएर स्थानीय कामदारलाई प्रयोग गर्नेतर्फ उन्मुख हुन चाहन्छौं भन्ने विषयमा सन् २०२४ भर केन्द्रित हुनेछौं।'

केही दिनअघि मलेसियाका मानव संशाधन मन्त्री वी शिवकुमारले पनि सन् २०२४ मा विदेशी कामदारको नयाँ भर्ना फ्रिज गर्ने निर्णय अझै पनि यथावत रहने बताएका थिए। उनले भनेका छन्, 'हामी केही समयको लागि कुनै नयाँ कोटा घोषणा गर्दैनौं। हामी भविष्यमा थप विदेशी कामदार भर्ना गर्नुपर्ने आवश्यकताको समीक्षा गर्नेछौं।'

मलेसियामा हाल विदेशी कामदारको चाप बढी भएको र भारतीय मूलका मलेसियाली जनसंख्या २० लाखभन्दा बढी भइसकेको भन्दै सञ्चारमाध्यमबाट विदेशी कामदार भित्र्याउने सरकारी नीतिको आलोचना भएको छ।

मलेसियामा गत मार्चदेखि विदेशी कामदारको नयाँ एप्रुभल दिइएको छैन। त्यसले मलेसियामा ठूलादेखि मध्यमस्तरका रोजगारदाता विदेशी कामदार अभावले व्यवसाय सञ्चालनको समस्यामा रहेको बताएका छन्।

**जानकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८०/०८/२९, Dec 15th 2023)**

यस कार्यालयबाट मिति २०८०/०६/१५ गतेको मध्यान्न राष्ट्रिय दैनिकमा तपसिल बमोजिमको राष्ट्रियस्तरको बोलपत्रको सूचना आव्हान गरिएकोमा रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्याकंन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | खरिद कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ. कर र PS सहित) |
|---|---|---|---|
| JANAKI/W/Building/NCB-01/080/81 | Construction of Health Post With Birthing Centre (Standard Health Post – Type A) at JRM- 05 | Parbati / Badimalika Joint Venture, Kohalpur- 05, Banke | NRs. 2,15,88,019.28 /- |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०४/२६ मा दर्ता भएको **प्रा.लि. नं. २६७५५६** को **सावित्री सोप एण्ड केमिकल्स इण्डस्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**छबिसपाथिभेरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ब्याँसी, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**आर्थिक तथा प्राबिधिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**पहिलो पटक मिति : २०८०/०८/२९**

उपरोक्त सम्बन्धमा एक (१) थान 4WD Double Cab Pickup Jeep खरिद कार्यका लागि यस छबिसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बझाङका लागि मिति : २०८०/०८/१८ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्महरुलाई आर्थिक तथा प्राबिधिक प्रस्ताव पेश गर्नका लागि छबिसपाथिभेरा गाउँपालिकाको निर्णय अनुसार सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को (८) र सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) मा भएको ब्यबस्थाको अधिनमा रहि सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) (ख) अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलक सपिङ) खरिद गर्ने कार्यबिधि, २०७४ को नियम ९ (ख) बमोजिम १५ दिनभित्र कार्यालय समयमा यस गाउँपालिकाको कार्यालयमा सिलबन्दी सहित प्रस्ताब पेश गर्न हुन अनुरोध गरिन्छ।

**नि.प्रमुख प्रशासकिय अधिकृत**

# 'हवाई सुरक्षा व्यवस्थित गरेर कालोसूची हटाउने प्रयासमा छौं'

**काठमाडौं/मस**–प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको हवाई सुरक्षालाई व्यवस्थित गर्न सरकार दृढ रहेको बताएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति डोलप्रसाद अर्यालको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले बालुवाटारमा बुझाएको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री दाहालले युरोपेली संघको कालोसूचीबाट नेपालको हवाई क्षेत्र हटाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताए ।



सो प्रतिनिधिमण्डलले युरोपेली युनियनले नेपालको हवाइ क्षेत्रलाई कालोसूचीबाट नहटाएकामा नेपाल नागरिक उड्डयन प्राधिकरण गम्भीर हुनुपर्ने, नयाँ जहाज खरिद प्रकरण पारदर्शी हुनुपर्नेलगायत विषयमा प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको थियो । प्रतिनिधिमण्डलसँगको कुराकानीमा प्रधानमन्त्री दाहालले नेपालको हवाई क्षेत्रलाई कालोसूचीबाट हटाउन आफूले निरन्तर प्रयास गरिरहेको र थप सुधारमार्फत त्यस्तो सूचीबाट हटाउन विश्वासको वातावरण सिर्जना गरिने बताए । उनले भने, 'मैले युरोपेली युनियनका प्रतिनिधिसँग यस विषयमा कुराकानी गरेको छु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीसँग पनि पटकपटक छलफल गरेको छु । हवाई सुरक्षा हाम्रा निम्ति एउटा चुनौतीको विषय बन्दै आएको छ, यसले अन्तर्राष्ट्रिय जगत्मा नेपालको छविमाथि प्रश्न उठ्न सक्छ । त्यसैले म यसमा गम्भीर छु ।'

यसपटक हवाई सुरक्षामा केही सुधार भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले त्यसको आधारमा कालोसूचीबाट हट्छौं कि भन्ने विश्वास भए पनि त्यो पर्याप्त नभएको बताए । उनले भने, 'हाम्रो सुधार पर्याप्त भएन । थप सुधारका निम्ति काम गर्नुपर्ने देखिएको छ । तपाईहरूले दिएका सुझाव महत्वपूर्ण छन् । नियामक निकायसँग थप छलफल गरेर परिणाममुखी नतिजाको प्रयास हुनेछ ।'

# स्थानीयलाई व्यावसायिक बनाउन अल्लोको झोला बनाउने तालिम

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २८ मंसिर



बझाङको थलारा गाउँपालिकामा अल्लो कपडाको झोला सिलाई तालिम शुरु भएको छ । थलारा गाउँपालिका २ मा बिहीबारदेखि ४५ दिने अल्लो कपडाको झोला सिलाई तालिम शुरु भएको हो ।

थलारा गाउँपालिका वडा नम्बर १,२ र युनाइटेड मिसन टु नेपालको आर्थिक सहयोगमा प्रगतिशिल युवा सामाज सृजना परियोजनाले तालिमको आयोजना गरेको हो । तालिमको उद्घाटन समारोहमा वडा नम्बर १ का वडाध्यक्ष रविन्द्र जोशी, वडा नम्बर २ का कार्यवाहक वडाध्यक्ष प्रेम बहादुर खाती, वडा सचिव, परियोजना म्यानेजर इन्दिरा राई, शिक्षक लगायतको उपस्थिति रहेको थियो । स्थानीयस्तरमा पाइने अल्लो प्रशोधन गरी स्थानीयलाई व्यवसायिक बनाउन तालिमको आयोजना गरिएको हो । उद्घाटन कार्यक्रममा थलारा गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष जोशीले तालिममा सहभागिहरुलाई राम्रोसँग सिप सिक्न सुझाव दिँदै राम्रो सिप सिकेर अल्लोबाट बन्ने कपडा निर्माण गरे बजारीकरणको व्यवस्था गर्ने बताए । त्यस्तै तालिमको लक्ष्य उद्देश्यबारे परियोजना म्यानेजर राईले प्रष्ट पारेकी थिइन् । कार्यक्रम सञ्चालन परियोजना सामाजिक परिचालक तारा प्रसाद ओझाले गरेका थिए । तालिममा उक्त दुई वडाका ९ जना सहभागी रहेका छन् । तालिमको प्रशिक्षक चित्र बहादुर नेपाली र सहायक प्रशिक्षक उर्मिला परियार रहेकी छन् ।

# महेन्द्रनगरमा निषेधाज्ञा जारी

**कञ्चनपुर/मस**– जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले महेन्द्रनगर बजारमा बिहीबारदेखि सात दिनसम्मका लागि निषेधाज्ञा जारी गरेको छ । महेन्द्रनगरस्थित महेन्द्र स्मारकमा महेन्द्रको सालिक पुनःस्थापनाका विषयमा भएको विवादपछि कार्यालयले सो क्षेत्रमा बिहीबार बिहानदेखि निषेधाज्ञा जारी गरेको हो । प्रशासनले संविधान चोकबाट पूर्व दशरथ चन्दको सालिकसम्मको मुख्य सडक र पश्चिमतर्फ मदन भण्डारीको सालिकसम्मको मुख्य सडक क्षेत्रमा सात दिनसम्म पाँच जनाभन्दा बढी मानिस जम्मा भइ जुलुस, प्रदर्शन जस्ता आन्दोलन गर्न निषेध गरेको हो । 'सालिक पुनःस्थापान गर्ने वा नगर्ने विषयमा राजनीतिक दलबीच मतभेद देखियो', प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले भने, 'सार्वजनिक शान्ति सुव्यवस्थालाई कायम गर्न निषेधाज्ञा जारी गरिएको हो ।'

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/११/२७ मा दर्ता भएको **प्रा.लि. नं. ५२२२७** को **टि. इभेन्टस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार
### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभागको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०८/२९**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **Liverpool H.R. Solution Pvt. Ltd.** (इ.प.नं. १४१५/०७४/०७५) का सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. श्री राम प्रसाद न्यौपाने (कि.नं. ०१–५२५००)<br>२. श्री विष्णु प्रसाद पन्त (कि.नं. ५२५००–१०५०००)<br>३. श्री सान्त बहादुर कुवर (कि.नं. १०५०००–१५००००) | १. श्री राम प्रसाद न्यौपाने (कि.नं. ०१–७५०००)<br>२. श्री विष्णु प्रसाद पन्त (कि.नं. ७५०००–१५००००) |

## षडानन्द नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दिङ्ला, भोजपुर
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२९**

यस नगरपालिकाको कार्यालयबाट मिति २०८०/०७/०३ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहायको कार्य गर्नको लागि विद्युतीय खरिद प्रणाली (e–bidding) मार्फत प्राप्त हुन आएका शिलवन्दी बोलपत्रको मूल्याङ्कन गर्दा तपसिलको शिलवन्दी बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | सफल हुने फर्म/कम्पनीको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर /एक सहित) |
|---|---|---|---|
| SM/ NCB/W/04/2080/81 | Construction of Lamukhola Water Supply Project, Shadananda Municiplaity | M/s. Tamakoshi- Shivaduti JV, Kathamandu-35 | NRs. 26,675,467.42 (Twenty-six Million Six Hundred Seventy-five Thousand Four Hundred Sixty-seven Rupees and Forty-two Paisa Only) |

**प्रमुख प्रशासकीय अधिकृत**

## बारबर्दिया नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**ढुंगा, गिट्टी, बालुवा र ग्राभेलको कर उठाउने ठेक्कासम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८०।०८।२९)**

यस नगरपालिकाबाट आर्थिक वर्ष २०८०।०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद को दफा ११ (घ) को उपदफा २ अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका बबई नदिका तोकिएका घाटहरुबाट ढुंगा गिट्टि, बालुवा, ग्राभेलको कूल संकलन देहाय बमोजिमको परिमाण र दरले कर दस्तुर रकम संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट विधुतिय माध्यम मार्फत वा हार्ड कपी मार्फत रितपुर्वकको बोलपत्र पेश गर्न पुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा बारबर्दिया नगरपालिकाको नाममा एन आई सी एशिया बैंक, मगरागाडी शाखा बर्दियामा रहेको खाता नं. ११२२०५२४९८२५१००७ र धरौटी नगद दाखिलाका लागि ११२२०५२४९८२५१००७ मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गर्नु पर्नेछ । अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि नगरपालिका कार्यालयमा सम्पर्क गर्नु होला । ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८१ (जेष्ठ मसान्त) सम्मको लागि (चुरे संरक्षित क्षेत्र बाहेक) रहनेछ ।

**तपसील**

❀ **बोलपत्र अवधिः** १५ दिन, ❀ **बोलपत्र दस्तुर रु.**: ३०००।-

ठेक्का नं. 02/BMO/G/2080/081 का हकमा ५०००।- कार्यालय कोड- ८०१०५५८०४, राजश्व शीर्षक नं. - १४२२९

| नदीजन्य पदार्थ | ठेक्का नं. | उत्खनन् हुने स्थल | उत्खनन हुने परिमाण | प्रति क्यूव फिट दर भ्याट बाहेक रु | न्यूनतम अङ्क भ्याट बाहेक रु. | आवश्यक बोलपत्र जमानत (१२० दिन मान्य अवधि भएको) |
|---|---|---|---|---|---|---|
| ढुंगा, गिट्टी, बालुवा | 01/BMO/G/2080/081 | वडा नं.१, चन्दनपुर घाट | 6,88,314.02 क्यूव फिट (19,507.2 घ.मी.) | ८ | ५५,०६,५१२.१६ | ३,१२,००० |
| | 03/BMO/G/2080/081 | वडा नं.२, ढुंग्रही घाट | 5,72,065.20 क्यूव फिट (16,215 घ.मी.) | ८ | ४५,७६,५२१.६० | २,५९,००० |
| | 04/BMO/G/2080/081 | वडा नं.२, कुमराघाट | 6,67,765.73 क्यूव फिट (18,927.6 घ.मी.) | ८ | ५३,४२,१२५.८४ | ३,०२,००० |
| | 05/BMO/G/2080/081 | वडा नं.२, लठुवाघाट | 3,70,270.66 क्यूव फिट (10,495.2 घ.मी.) | ८ | २९,६२,१६५.२८ | १६८००० |
| | 06/BMO/G/2080/081 | वडा नं.४, बैरीया | 3,20,906.88 क्यूव फिट (9,096 घ.मी.) | ८ | २५,६७,२५५.०४ | १,४६,००० |
| बालुवा | 02/BMO/G/2080/081 | वडा नं.११, जब्दि घाट | 28,22,400 क्यूव फिट (80,000 घ.मी.) | ८ | २,२५,७९,२००.०० | १२,७६,००० |

**प्रमुख प्रशासकीय अधिकृत**

## कुबेतमा रोजगार
कम्पनी: ASWAR DUNIA AL LUZ CENTRAL CO FOR NON FOODSTUFF
शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०८/२८ चलानी नं.: ६०२११५५१ LT. No.: 296458

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sellers | 0 | 2 | स. काममा दक्ष | 120 | ५१,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ६ गते (22 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Forever Human Resource solution Pvt. Ltd
Govt. Lic. No. 1411/074/075
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4953298 | 4954685
Mob.: 9810092877 | 9851188173 | 9765230164 | 9851140861 | 9861344740 | 9818500630

## कतारमा रोजगारको अवसर
कम्पनी: DOHA PLASTIC COMPANY
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/०८/२८ चलानी नं.: ६०२११५४९ L.T. No.: 296459

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packing Worker | 0 | 10 | | 1000 | ३६,५१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस ६ गते (22 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Mashareq International Overseas (P) Ltd.
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५

## यूएईमा रोजगार
कम्पनी: SAWAEED EMPLOYMENT LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०८/२८ चलानी नं.: ६०२११५५० LT. No.: 296360

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 50 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour/Construction Worker | 300 | 0 | | 800 | २९,००८ | | | | | | | |
| 3. | Mason | 50 | 0 | | 1100 | ३९,८८६ | | | | | | | |
| 4. | Tile Mason | 30 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |
| 5. | Shuttering Carpenter | 50 | 0 | | 1100 | ३९,८८६ | | | | | | | |
| 6. | Finishing Carpenter | 60 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पौष ६ गते (22 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Nice Recruiting Agency Pvt. Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel No: 014957256 , Mob: 9803835493 | 9841673504 |
| Website www.nicemanpower.com
E-mail: nicemanpower11@gmail.com, documentation.nice1062@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२९ मंसिर २०८०, शुक्रबार
15 December 2023, Friday

## सम्पादकीय

# आक्रोशको आधार

पुष्पलाल मध्यपहाडी लोकमार्ग केन्द्रित संकल्प यात्राका क्रममा धनकुटा पुगेका नेकपा एमालेका केपी शर्मा ओलीमाथि आक्रमणको प्रयास भएको छ । फूलमाला सहित उभिएकै लाइनबाट एक सर्वसाधरणले अध्यक्ष ओलीमाथि आक्रमणको प्रयास गरेका हुन् । यद्यपि सुरक्षाकर्मीले आक्रमणबाट अध्यक्ष ओलीलाई जोगाएका छन् । आक्रमणको प्रयत्न गर्ने व्यक्ति प्रहरी नियन्त्रणमा परेका छन् । एमालेले भने आफ्नो अध्यक्षमाथि भएको आक्रमणलाई छोप्ने प्रयास गरेको छ । प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बक्तव्य जारी गरेर अनि अरू नेताहरूले सामाजिक सञ्जालबाट अध्यक्ष ओलीमाथि कुनै आक्रमण नभएको प्रष्टोक्ति दिएका छन् । मदिरापान गरेका ब्यक्ति भएकाले कुनै नियोजित आक्रमण नभएको उनीहरूको तर्क छ ।

प्रमुख प्रतिपक्षी दलका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओलीमाथि आक्रमणकै प्रयास गरिनु पक्कैपनि निन्दनीय कुरा हो । असहमति राख्ने लोकतान्त्रिक विधि भएपनि आक्रमण जस्तो निन्दनीय घटनाप्रति एमाले मात्रै नभएर सचेत पंक्तिले अस्वीकार गर्नुपर्छ । तर आक्रमणको प्रयासजस्तो अप्रिय घटनालाई पनि समाजको ठूलै पंक्तिले स्वागत गरेको देखिन्छ । एमाले इतर पंक्तिमा खुशियाली नै देखिन्छ भने सामाजिक सञ्जालमा देखिएका प्रतिक्रियाहरू सकारात्मक छैनन् । ती प्रतिक्रियाहरू हेर्दा बृद्ध अवस्थामा पुगेका कुनैपनि नेतासँग जनता खुशी नरहेको थप पुष्टि हुन्छ । त्यसैले धनकुटामा भएको आक्रमणको प्रयास भवितव्य नै भएपनि त्यसलाई जनताको आक्रोशकै रूपमा लिन सकिन्छ । किनकि निन्दनीय घटनापछि देखिएका आमप्रतिक्रिया उति धेरै सकारात्मक देखिदैनन् ।

शीर्ष नेतृत्वमाथि आक्रमणको प्रयास पहिलोपटक भएको चाहिँ होइन । यसअघि वर्तमान प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र पूर्वप्रधानमन्त्री झलनाथ खनालमाथि समेत आक्रमणको प्रयास भएको थियो । यसपटक फेरि त्यही निन्दनीय घटना पुनरावृत्त हुन पुगेको छ । नेताहरूकै भाषामा यो एकप्रकारले अराजकता हो । तर त्यस्तो अराजकतासम्म पुग्ने बाटो भने राजनीतिक नेतृत्वले नै तयार पार्दै आएका छन् । बिहीबारकै घटना हेर्दा पनि धनकुटामा ओलीमाथि आक्रमणको प्रयास हुँदै गर्दा ज्यान हत्याकै आरोप खेपिरहेका सांसद लक्ष्मी कोइरी महतोले अदालतबाट सफाइ पाइरहेका थिए भने नक्कली शरणार्थी प्रकरणमा थुनामा रहेका पूर्व गृहमन्त्री बालकृष्ण खाँणलाई थुनामुक्त गर्ने आदेश आएको थियो । अदालतले पक्कैपनि आधार टेकेरै त्यस्तो फैसला गरेको हुनुपर्छ । तर राजनीतिक नेतृत्वले यसअघि खाँण र कोइरीबारे जस्तो अभिव्यक्ति दिएका थिए, त्यसले नागरिकमा आशंका उत्पन्न हुन पुग्यो । विधिको शासनमाथि उल्लङ्घन भएका यस्ता अनेक शृङ्खला छन्, जसले नागरिकमाथि आक्रोश उत्पन्न गराइरहेको छ । त्यसैले धनकुटामा आक्रमणको प्रयास भएको हो वा होइन भन्नेतिर अल्मलिने भन्दा पनि नागरिकको विश्वास जित्नेगरी राजनीतिक नेतृत्वले सोच्न आवश्यक छ ।

# जालझेलको राजनीति

*जालझेलको राजनीतिबाट मुक्त हुनुपर्ने कुरा अघि सार्दै र सार निकाल्दै धेरै पहिला नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठले भनेका थिए, 'राजनीति जालझेल होइन, वास्तविक वस्तुस्थितिका आधारमा वर्गीय विश्लेषणको निचोड हो ।' आज पनि देश र जनताका लागि सार्थक दिशामा अघि बढ्ने हो भने उनको यो भनाइ उत्तिकै सान्दर्भिक र मननीय छ ।*

अग्रलेख



● लोक नारायण सुवेदी

जनतालाई पटक-पटक नयाँ नेपालको सपना देखाउने र भजाउने काम सत्तामा पुगेका राजनीतिक दलहरूले गर्दै आए । जनताले पनि उनीहरुको भनाईलाई विश्वास गर्दै साथ, सहयोग र समर्थन गर्दै आए । तर, हरेक पटक जनताले धोका मात्रै पाए । परिवर्तनको मूल्य चुकाउने जनता जहिले पनि जिल्लिनुपर्ने यो नमिठो श्रृंखला जारी छ । यसको अन्त्य कहिले र कसरी हुने हो भन्न सकिने अवस्था अहिलेसम्म पनि छैन । वास्तवमा, जालझेल र षड्यन्त्रको पुरानो सामन्ती र आधुनिक साम्राज्यवादी राजनीतिक परम्पराबाट देशलाई मुक्त गर्ने बिँडो उठाउन अग्रसर भएका राजनीतिक दलहरूले नै त्यही सामन्ती र साम्राज्यवादी राजनीतिक शक्तिकै उही पुरानो र सन्दर्भहीन जालझेलको गलत बाटो र सत्तामा निरन्तर आफ्नो वर्चश्व र पकड कायम गर्ने नीति अख्तियार गरेपछि हरेक परिवर्तन पछि जनता रनभुल्लमा पर्ने गरेका हुन् । कुरा जेसुकै गरे पनि राजा, राणा, पटक-पटक सत्तामा पुगेर ढलिमली गरिरहेका राजनीतिक दल सबैका कुरा उस्तै रहेछन् भन्ने तीतो अनुभव जनताले गर्दै आएका छन् । अहिलेको पछिल्लो राजनीतिक परिवर्तनपछिको स्थिति पनि त्योभन्दा भिन्न हुन सकेको छैन । अहिलेकै जस्तै मति र गतिले चल्ने हो भने भिन्न, उन्नत र वैज्ञानिक राजनीतिक स्थिति विकसित हुने कुनै संकेत र लक्षण पनि यतिबेला पटक्कै देखिँदैन ।

व्यवस्था फेरिए पनि वास्तवमा राजनीति परम्परागत सामन्ती राजनीतिभन्दा उच्चस्तरको र जनतालाई सक्रिय बनाउने तथा जनताप्रति नै समर्पित हुने लोकतान्त्रिक मूल्य मान्यतालाई अंगीकार गरेर चल्ने राजनीतिक प्रणाली मानिन्थ्यो । त्यसैले त यसको परिभाषा नै 'जनताद्वारा, जनताले, जनताका लागि' शासन गर्ने प्रणाली भनिने गर्दै आएको हो । तर हामीकहाँ भने त्यो अपवाद नै हुँदै आएको छ । सत्तामा पुगेकाहरू मालिक र जनतालाई दास सरह मान्ने, जुन गए बितेको सामन्ती र साम्राज्यवादी गलत परम्परा हो, त्यही नै दलीय कलेबरमा कायम राख्ने गरिएकोले लोकतन्त्रलाई केवल ओठेभक्तिको विषय मात्र बनाउने गरिएको छ । यसको सार तत्वलाई तिलाञ्जली दिएर केबल बोक्रे कुरा मात्र गर्ने गरिएकोलै नै वस्तुत: नेपालमा लोकतन्त्रले जरा जमाउन र सबल हुन नपाएको हो । पटक-पटक विभिन्न रूपमा एक वा अर्को बहानामा यसलाई अपहरण गर्ने, उल्टाउने र जनतालाई अधिकारबिहीन बनाउने कुटील षडयन्त्र चल्दै आएको कारण पनि यही नै हो ।

आजसम्मको सबैभन्दा ठूलो मानिएको पछिल्लो राजनीतिक परिवर्तनपछि पनि सत्तामा रहे बसेका राजनीति दलहरूले जस्तो किसिमको अवसरवादी बोली, व्यपहार र चरित्रको प्रदर्शन गरे र गरिरहेका छन् त्यसले गर्दा परिवर्तनका सीमित उपलब्धीहरू आज पनि गम्भीर खतरामा पर्दै गएका छन् । जनता निराश र आक्रोशित छन् । राजनीतिक नेतृत्व सत्ताको आडमा केवल आफ्नो मात्र विलाश र वैभवको संकीर्ण बाटोमा निर्लिप्त भएर लागेको देखेपछि जनतामा यस्तो भाव उत्पन्न हुनु बिल्कुलै स्वाभाविक कुरा हो । जनताले के आशा र अपेक्षा गरेका थिए भने विगतमा राजनीतिक दलहरूले जे-जे गम्भीर गल्ती कमजोरी गरेको भए पनि अब त्यसो गर्ने छैनन् । अनि आउँदा दिनमा जनता र राष्ट्रको हितमा एक पछि अर्को अग्रगामी र उन्नत कदम चालेर नेपाली समाजको सर्वांगीण विकासको बाटो खोल्नेछन् ।

तर, डेढ दशकभन्दा बढी समय पुगिसकेको राजतन्त्र अन्त्यपछिको देशको राजनीतिलाई भोगेका जनताले आफ्नो जीवनमा परिवर्तनको कुनै अर्थ लागेको देखेनन् । मुकुट लाएका राजाको स्थानमा मुकुट नलाएका नवराजाहरूको झुण्ड बाहेक अरु केही सार्थक भिन्नता नेपाली जनताको भागमा परेन । यो आजको हाम्रो राष्ट्रिय राजनीतिको तीतो यथार्थ र अखण्डनीय वास्तविकता हो । कहिले को, कहिले को सत्तामा गए पनि चिन्तन र चरित्रमा कुनै परिवर्तन आएको जनता र देशले



*डेढ दशकभन्दा बढी समय पुगिसकेको राजतन्त्र अन्त्यपछिको देशको राजनीतिलाई भोगेका जनताले आफ्नो जीवनमा परिवर्तनको कुनै अर्थ लागेको देखेनन् । मुकुट लाएका राजाको स्थानमा मुकुट नलाएका नवराजाहरूको झुण्ड बाहेक अरू केही सार्थक भिन्नता नेपाली जनताको भागमा परेन । यो आजको हाम्रो राष्ट्रिय राजनीतिको तीतो यथार्थ र अखण्डनीय वास्तविकता हो ।*

अनुभूत गर्न पाएन । फलत: पुराना सामन्ती राजनीतिक शक्तिहरूले एक वा अर्को किसिमले शीर उठाउने आधार र अवसर पाए र त्यसलाई बाह्य प्रतिकृयावादी शक्तिले पनि हावा दिने काम गऱ्यो र गरिरहेको छ । परिवर्तनपछि पनि पुरानै शक्ति, प्रवृत्ति र परम्पराको हालीमुहाली भिन्नरूपमा चल्ने हो भने जनताका लागि त्यस परिवर्तनको के अर्थ रह्यो र ! तर अहिले परिवर्तनपछिको चुनावी माहोल पनि त्यस्तै देखिन्छ । जनताको मत लोभ, लालच, डर त्रास, धाक धम्की अनेक तिकडम गरेर कब्जा गर्ने कुरा नै चुनाव रहेछ भनेर बुझ्न पर्ने भएको छ ।

आज स्वच्छ, विवेकशील, भ्रष्ट नभएका व्यक्ति चुनाव लडेर जित्ने शाहस नै गर्न नसक्ने अवस्था बनाइएको छ । चुनावका लागि इमान्दार जनताको उम्मेद्वारले खर्च गर्न नै नसक्ने परिस्थिति बनाइएको छ । यसरी चुनाव सर्वसाधारण जनताको पहुँचबाट बाहिर परेको छ । यसले अर्कोतिर उत्पादन र विकास बिनाको सम्पन्नता हासिल गरेका भ्रष्टाचारी, कमिशनखोर, सुदखोरहरूले मात्र चुनावमा बेहिसाब खर्च गर्ने र चुनावी खर्चको खातापाता मिलाएर देखाउने गरेको स्थित अहिले विद्यमान छ ।

२०६२/६३ को राजनीतिक परिवर्तनपछि देशमा १० जना प्रधानमन्त्री बने । परिवर्तनको मूल मूद्दा संविधान सभामार्फत जनताद्वारा जनताका लागि जनताले संविधान बनाउने कुरामा ध्यान केन्द्रित गरिएको भए यस्तो एकपछि अर्को सरकार फेर्नु पर्ने स्थिति नै आउँदैनथ्यो । संविधान सभाको निर्वाचन हुनुअघि एक र संविधान सभाको निर्वाचनपछि अर्को केवल दुई जना प्रधानमन्त्री मात्र बन्न सक्ने र बन्नुपर्ने अवस्था रहन्थ्यो । तर, हामीकहाँ त्यसो भएन । संविधान सभालाई ताकमा राखेर सत्ताको लुछाचुँडी यति तीव्र भयो कि लोकलज्जाकै लागि भए पनि लोकतान्त्रिक मूल्य, मान्यता, पद्धति, परम्परालाई अबलम्बन गर्नुपर्ने आवश्यकता पनि त्यो कालखण्डमा सत्तामा पुगेका दलहरूले देखेनन् । जोसँग जस्तोसुकै मूल्यहीन, अपबित्र र औसरवादी सम्झौता गरेर भए पनि सत्ताको सिढी चढ्न पाए त्यसैलाई राजनीतिक पौरख मान्न थाले । जसले गर्दा जतिसुकै समय लम्ब्याउदै गएपनि संविधान बन्न सकेन । अन्तत: पहिलो संविधान सभा नै विघटन हुन पुग्यो ।

यस्तो स्थितिमा त्यतिबेलासम्मको असफलताबाट सही पाठ सिकेर विवादास्पद र विभाजित दोस्रो संविधान सभाबाट नियत समयमै संविधान देलान् कि भन्ने झिनो आशा पनि सत्ता र प्रमुख प्रतिपक्षमा पुगेका दलहरूले तुहाए । अनेक हौवा खडा गरेर जनता र देशलाई अल्मल्याउने कुरा बारम्बार गर्दै रहे र अन्तत: निरर्थक किसिमले समय गुजारे । त्यतिबेला एकदमै छुद्र र तल्लो स्तरमा उत्रिएर सत्ता र प्रतिपक्षका नेताहरू परस्पर गाली गलौज र आरोप प्रत्यारोप गरिरहे । गलत कुरा गर्ने पुराना सबै कीर्तिमानलाई पार गरे । यसले गर्दा जनताले दलहरूलाई झन् बढी अविश्वास गर्ने वातावरण स्वयम् उनीहरूले नै यसरी निर्माण गरिरहे । यथार्थत: गलत बाटो हिँडेपछि र पाखण्ड प्रदर्शन गर्दै गएपछि त्यसको परिणाम पनि गलत नै निस्कने कुरा स्वभाविकै थियो । अहिले त्यसै भइरहेको छ । सही निष्ठा, मूल्य, मान्यता, पद्धति र प्रतिबद्धताबिहीन भएर चल्दा आउने परिणाम नै वास्तवमा यस्तै हो ।

अवश्य नै २०६२/६३ को आन्दोलनले देश र जनताका जुन मुद्दाहरूलाई प्रकट, अप्रकटरूपमा मुखरित गरेको थियो ती अत्यन्तै दुरगामी महत्वका थिए र अद्यापि छन् । तर, तिनलाई अझ प्रष्टसँग उजिल्याउने, संस्थागत गर्ने र मान्य तुल्याउने दिशामा अग्रसर हुनुको साटो उल्टै तिनबाट भाग्न खोज्ने, पछि फर्कने र प्रतिगामी दिशातर्फ जान तयार हुने र अझ प्रतिकृयवादी र हस्तक्षेपकारी बाह्य शक्तिका अगाडि लम्पसार पर्ने जस्ता अवाञ्छित र राष्ट्रहित बिपरितका गतिबिधिहरू निर्वाध तीव्र भइरहेका छन् । अर्कोतिर, त्यस संक्रमणकालमा सत्तामा पुगेका कुनै पनि दलका नेताहरूको छबि स्वच्छ र निष्कलंक देख्न पनि जनताले पाएनन् । तिनले गणतन्त्रात्मक लोकतन्त्रको गौरब र गरीमालाई सम्मान गर्ने चरित्र पटक्कै देखाउन नसकेको साँच्चो हो । यी सबै कुरा र गतिबिधिबाट के प्रष्ट हुन्छ भने जालझेल र षडयन्त्रको राजनीतिबाट मुलुक र जनताको हित कीमार्थ हुँदैन । बरू भित्रि कमजोरी र बाह्य हस्तक्षेपको अबाञ्छित शिकार देश र जनता बन्न जान्छन् र बनिरहेका छन् ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठले भनेका थिए, 'राजनीति जालझेल होइन, वास्तविक वस्तुस्थितिका आधारमा वर्गीय विश्लेषणको निचोड हो' । आज पनि देश र जनताका लागि सार्थक दिशामा अघि बढ्ने हो भने उनको यो भनाइ उत्तिकै सान्दर्भिक र मननीय छ । तर, त्यो पनि 'बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खूर्पाको बीड' मात्रै हो । उन्नत राजनीतिक सँस्कृति र संस्कारको विकास कहिले हुने हो अहिलेसम्मको चालामाला हेर्दा भन्न सकिने अवस्था छैन । सबैभन्दा ठूलो चिन्ताको विषय नै आज यही भएको छ । यसले देशलाई असफलको अध्यारोतिरै धकेल्नेभन्दा अरु काम गर्दैन ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाइँ**

'अवसर छैन' भन्ने भाष्यले नेपाली युवा विदेश गएर हन्डर खाइरहेका छन् भन्छन् प्रधानमन्त्री । सबैले स्वकीय सचिव र मेयरको जागिर पाएको भए को जान्थे र रुसी फौजमा मर्न ? कसलाई रहर हुन्थ्यो र चोर बाटोबाट अमेरिका छिर्न, को चाहन्थे र आफ्नो परिवार छोडेर सात समुन्द्र पारी बस्न ।



**- मुकेश काफ्ले**

विश्वविद्यालय, सार्वजनिक संस्थान एवम् निकायहरूमा नियुक्तिका लागि पहिले नै 'सेटिङ्ग' गरेर खुल्ला प्रतिस्पर्धाको नाममा गरिने नाटक तत्काल बन्द हुनुपर्छ । साच्चै खुल्ला प्रतिस्पर्धामार्फत नियुक्ति गर्न चाहेको हो भने सिफारिसको पूर्ण अधिकार र जिम्मेवारी लोकसेवा आयोगलाई दिनुपर्छ ।



**- विष्णु राज उप्रेती**

काठमाडौं महानगरपालिकाको सुर्तिजन्य पदार्थहरूमाथि लगाएको प्रतिबन्ध सही छ र यसको कार्यान्वयनमा सहयोग पुऱ्याउनु हामी सबै नागरिकहरूको कर्तव्य हो । सबैले सहयोग गरौं । अरु नगरपालिकाहरूले पनि सुर्तीजन्य पदार्थ प्रयोगमा प्रतिबन्ध लगाउन ।



**- कृष्ण अर्याल**

पुराना सत्ताधारीहरूलाई सामन्त शोषक भनेर सत्तो सराप गर्दै सत्तामा उदाएका भूँइफुट्टाहरू नवसामन्तको रूपमा उदाए । पुरानाले जोगाएर राखेका अमूल्य निधि र संस्कृतिहरूलाई यीनले कौडीको भाउमा बेचे या नष्ट गरे, मिलेसम्म नीजि प्रयोजनमा ल्याए । पुरानोभन्दा नयाँ सामन्त घातक निस्क्यो कि कसो ?

# सहकार्यको खोजी

विचार



● जनकराज पाठक

*अहिलेको हाम्रो आवश्यकता राजसंस्था र राजनीतिक दलबीचको सहमति र सहकार्य हो । दुई पक्षले राष्ट्र र जनतालाई शीरमा राखेर सहमति गर्ने हो भने देखिएका सबैजसो समस्या समाधान हुनेछन् । देश पुनः शान्ति र अमनचयनको बाटोमा प्रवेश गर्नेछ ।*

संसारका थुप्रै विकसित देशमा राजसंस्था संवैधानिकरूपमा रहेको छ । क्यानाडा, अष्ट्रेलिया, जापान, स्पेनलगायत थुप्रै देशमा संवैधानिक राजसंस्था छ । नेपालका अग्रगामीहरूले भन्ने गरेझैं त्यहाँ घडिको सुई उल्टो घुमेको छैन । ति देश धेरै धनी सभ्य र प्रजातान्त्रिक पनि छन् । यीमध्ये केही देशमा राजसंस्था कुनै कालखण्डमा फालिएको पनि थियो । तर, राष्ट्रिय एकता र सामाजिक स्थिरताको लागि राजसंस्था नभइ नहुने रहेछ भनि पुनर्स्थापना गरिएको हो ।

